म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३२२ बिहीबार १६ असार २०७९ ने. सं. ११४२ दिल्लाथ्व 30 Jun, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दही चिउरा र धान रोपाईमा रमाए स्कुले बालबालिका

हेटौंडा, १५ असार/ बुधबार असार १५ अर्थात् १९ औ राष्ट्रिय धान दिवस । मकवानपुरमा पनि विविध कार्यक्रम गरेर मनाइएको छ ।

जिल्लामा रहेका विभिन्न विद्यालयहरुले स्कुले बालबालिकालाई व्यवहारिक शिक्षा पनि दिनुपर्ने भन्दै धान दिवसको दिन खेतमा धान रोप्ने कार्यक्रममा सहभागी गराएको छ । मकवानपुरगढी गाउँपालिका-२ कुर्लेस्थित वंशगोपाल माध्यामिक विद्यालयले गाउँपालिकाको सहकार्यमा कार्यक्रम नै आयोजना गरेर विद्यालयमा अध्ययनरत बालबालिकालाई धानको महत्व र यसको उत्पादनको बारेमा व्यवहारिक रुपमा अभ्यास गराएको थियो । त्यस्तैगरि हेटौंडा-१७ मा हेटौंडा उपमहानगरपालिकाले आयोजना गरेको धान रोपाई विशेष कार्यक्रममा पनि विभिन्न विद्यालयले बालबालिकालाई सहभागी गराएको थियो । बुधबार धान दिवसमा विभिन्न विद्यालयले बालबालिकाहरुलाई स्कुलमा दही चिउरा खुवाउने र धान रोप्ने कार्यक्रममा सहभागी गराएको हो ।

# बागमतीको बजेटमाथिको छलफल सकियो, आज निर्णयार्थ पेश हुने

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ बागमती प्रदेशको आगामी आर्थिक वर्षको बजेट (विनियोजन विधेयक) माथिको छलफल सकिएको छ ।

प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७८/७९ को लागि ल्याएको बजेट (विनियोजन विधेयक) माथिको छलफल बुधबार सकिएको हो । सोमबारबाट सरकारले ल्याएको विषयगत मन्त्रालयहरुको बजेटमाथिको छलफल सुरु भएको थियो ।

छलफलमा सत्तापक्षले सरकारले ५ वर्षको अवधिमा सबैभन्दा राम्रो बजेट ल्याएको भन्दै स्वागत गरेका थिए । उनीहरुले सरकारले ल्याएको बजेट जनमुखी रहेको भन्दै बजेटको प्रशंसासमेत गरेका थिए । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसहितका प्रतिपक्षी दलहरुले भने सरकारले चुनावलक्षित, परम्परागत शैलीमा, असन्तुलित बजेट ल्याएको भन्दै विरोध गरेका थिए । तीन दिनसम्म चलेको बजेटमाथिको छलफलमा सत्तापक्ष-प्रतिपक्षबीच जुहारी चलेको थियो ।

प्रतिपक्षले सरकारले ल्याएको बजेटको विरोध गर्दा सत्तापक्ष बचाउमा उत्रिएको थियो । सोमबार र मंगलबार प्रदेशको १४ वटा मन्त्रालय र प्रदेश सरकार मातहतको प्रादेशिक कार्यालयमाथि भएको छलफलमा उठेको प्रश्नको बुधबार सम्बन्धित मन्त्रीहरुले जवाफ दिएका थिए । प्रदेशका मुख्यमन्त्रीसहित १४ जना मन्त्रीहरुले बजेट छलफलको क्रममा उठेको प्रश्नहरुको जवाफ दिएसँगै बजेट (विनियोजन विधेयक)माथिको छलफल सकिएको हो ।

बुधबार बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले संसदमा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिदै सरकारले आगामी आर्थिक वर्षको लागि ल्याएको बजेट प्रगतीशील र जनमुखी भएको दावी गरे । 'विगतको सरकारले ल्याएको बजेटभन्दा हामिले ल्याएको बजेट प्रगतीशील र जनमुखी छ । हामिले नयाँ ढंगले बजेट ल्याएका छौं', उनले भने 'सबै क्षेत्र र समुदायलाई हाम्रो बजेटले समेटेको छ ।

'मुख्यमन्त्री पाण्डेले विगतमा आएको बजेटले समेट्न नसकेको क्षेत्र र समुदायलाई पनि आफ्नो नेतृत्वमा आएको बजेटले समेटेको दावी गरे । उनले वडा समाजवादी कार्यक्रम अहिले सुरुवातमा परीक्षणको रुपमा मात्रै सुरुवात गर्न लागेको भन्दै विरोध नगर्न सांसदहरुलाई आग्रह गरे । सरकारले ल्याएको हरेक योजना र बजेटबाट नयाँ कुरा उत्पादन हुने उनको दावी थियो । बैठकमा उठेको प्रश्नहरुको जवाफ दिदै कृषि तथा पशुपन्छी विकास मन्त्री बसुन्धरा हुमागाईंले आगामी २ वर्ष भित्रमा प्रदेशमा नै कृषि औजार कारखाना सञ्चालनमा ल्याउने बताए । उनले देशमा वार्षिक ८ अर्बको औजार खरिद भइरहेको बेला सो उद्योग स्थापन पछि कृषि औजार आयातमा कमी आउने बताए ।

उनले सो कारखाना स्थापनाको लागि २ महिनाभित्र प्रशासनिक कार्य सम्पन्न गरिने बताए । सरकारले आगामी वर्षमा हेटौंडाको दुग्ध पाउडर प्लान्टको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने उनले बताए । सरकारले नै त्यसको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी लिएर काम अघि बढाइएको उनको भनाइ छ । उनले प्रदेशका दुग्ध उत्पादक कृषकहरुलाई सहजताको लागि काभ्रेमा मिनी दुग्ध पाउडर प्लान्ट निर्माण गरिने बताए । उनले



दूधमा दिँदै आएको अनुशासनलाई व्यवस्थित गर्ने योजना लिएको उनले बताए । विगतमा हचुवाको भरमा दिँदै आएको वितरण गरिदै आएको अनुदानलाई वास्तविक किसानको हातमा पार्नको लागि योजना लिइएको बताए । 'हामीले अनुदान कटौती गरेका होइनौं । त्यसलाई व्यवस्थित गर्ने तयारी गरिएको हो ।' उनले भने ।

प्रदेश सरकारले रसायनिक मल कारखाना खोल्नका लागि सरकारले काठमाडौं विश्वविद्यालयसँग असार ८ गते नै सम्भाव्यता अध्ययनको सम्झौता भएको उनले बताए । उनले आगामी एक वर्षमा त्यसको प्रतिवेदन आएपछि त्यसको आधारमा रासायनिक मल कारखाना निर्माणको काम सुरु गर्ने बताए । उनले चितवनमा स्थापना गने भएको चकलेट उद्योगमा आवश्यक मेसिनको व्यवस्था गरी उत्पादन सुरु गरिने बताए ।

त्यस्तै २ महिनाभित्र कृषक परिचयपत्र वितरणको प्रक्रिया सम्पन्न गरिने उनले बताए । विगतको सरकारले बनाएको १० वटा शीत भण्डार चल्न नसकेको उनको भनाइ छ । वर्तमान सरकारले त्यसलाई आवश्यक व्यवस्थापनको काम सम्पन्न गरी सञ्चालनमा ल्याउने तयारी गरेको उनले बताए । यस्तै वन तथा वातावरण मन्त्री विशाल खड्काले सरकारले आगामी ५ वर्षको अवधिमा काठमा आत्मनिर्भर हुने नीति अनुसार काम गरेको बताए । उनले सात प्रदेशमध्ये बागमती प्रदेशले पहिलो पटक ढलेका काठ संकलन गरी प्रयोगमा ल्याउने नीति लिएको बताए ।

सरकारले पहिलो चरणमा ढलेका रुखहरूलाई व्यवस्थापन गरी काठमा आत्मनिर्भर हुने तयारी गरेको छ भने दोस्रो चरणमा खडा अवस्थामा सुकेका रुखहरूको व्यवस्थापन गर्ने नीति रहेको उनको भनाइ छ । आगामी १० वर्षमा काठ निर्यातको योजना अनुसार काम भइरहेको उनले बताए । उपयुक्त विधिबाट संकलित काठहरूलाई फर्निचर उद्योगहरुमा विक्री गरी राजस्व संकलन गर्ने सरकारको योजना रहेको उनले बताए । काठ तथा फर्निचर उद्योगहरुमा कार्यरत कर्मचारीहरुलाई तालिम प्रदान गरिने उनको भनाइ छ ।

दिगो वन विकासको नीति अनुसार वन संरक्षण कार्य संचालन गर्ने, वन पाठशाला संचालनको योजना सरकारले ल्याएको उनले बताए । उनले वनलाई उत्पादन तथा कृषि, पर्यटनसँग जोडेर आत्मनिर्भर हुने सरकारको तयारी रहेको बताए । वनलाई आर्थिक उत्पादनसँग जोड्न फलफूलका विरुवाहरु रोप्ने र संरक्षणमा बागमती प्रदेशिक सरकार अघि बढेको र स्थानीय तहमा जलवायु सम्बन्धी पाठ्यक्रम तयारी गरि लागू गर्ने सरकारको योजना लिएको उनको भनाइ छ ।

प्रदेशको भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्री बलराम पौडेलले भने प्रदेश सरकारले दिएको बजेट प्रयाप्त नभएको भन्दै बजेट प्रति असन्तुष्टि व्यक्त गरेका छन् । बुधबारको प्रदेशसभाको बैठकमा सरकारको बजेट माथि संसदमा उठेका प्रश्नको जवाफ दिँदै उनले सरकारले प्रशासनिक खर्च र सामान्य कार्यक्रम मात्र काम गर्न पुग्ने बजेट दिएको बताए । उनले सरकारले समाजवादको नारा लिए पनि समाजवाद ल्याउने क्षेत्रको रुपमा रहेको सहकारी क्षेत्रमा भने बजेट दिन कञ्जुस्याई गरेको बताए ।

उनले सहकारी क्षेत्रलाई विकास गरेर नागरिकहरुलाई आर्थिक उपार्जनमा जोड्न सकिने भएपनि आगामी वर्षको बजेटमा त्यस्ता कार्यक्रम समावेश गर्न नसकिने बताए । उनले सो विषयमा आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्मकट्टेलको ध्यानकर्षण समेत गराए ।

उनले प्रदेश सरकारले सो मन्त्रालयलाई सहकारी र गरिबी निवारणको कार्यक्रमका लागि विनियोजित बजेट मध्ये ५ करोड मात्र खर्च गर्ने मिल्ने र अन्य बजेट प्रशासनिक क्षेत्रमा दिएको बताए । उनले सरकारले बजेट दिन नसक्ने भए मन्त्रालय खारेज गर्न समेत माग गरे ।

उनले आगामी वर्षमा उक्त ५ करोडबाट २० जना गरिव वर्गका नागरिकहरुलाई आवासीय जीविकोपार्जनको तालिम, सहकारीको अनुगमन तथा प्रदेशको ५ पालिकामा गरिब पहिचान तथा परिचयपत्र वितरण गर्ने कार्यक्रम रहेको बताए । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मिलनबाबु श्रेष्ठले उद्योग वाणिज्य क्षेत्रका नीतिहरु निर्माणमा प्रदेश सरकारले आगामी आर्थिक वर्षमा प्राथमिकताका साथ अघि बढाउने बताए । बैठकमा बजेट माथि संसदमा उठेका प्रश्नको जवाफ दिँदै उनले विगतमा निर्माण हुन नसकेका धेरै किसिमका उद्योग वाणिज्य क्षेत्रका नीतिहरु निर्माणमा प्रदेश सरकारले आगामी आवमा प्राथमिकताका साथ अघि बढाउने बताएका हुन् । उनले सरकारले उद्योग तथा आपूर्ति क्षेत्रका सेवाग्राहीको सहजताको लागि अनलाइनबाटै सेवा लिन सक्ने व्यवस्था मिलाउने तयारी भइरहेको बताए । सरकारले रुग्ण उद्योगहरुको संचालनको लागि संघीय सरकारसंग सहकार्य भइरहेको र त्यसका लागि प्रदेश सरकारले आवश्यक पहल गरिरहेको उनको भनाइ छ ।

सरकारले साना तथा मझौला उद्योगीहरुको विकासका लागि तालिमहरूको व्यवस्था गर्ने उनले बताए । उनले स्थानीय तहमा उत्पादित सामग्रीहरुको ब्राण्डिङको लागि आवश्यक पहल गरी कार्यान्वयन गरिने उनले बताए । बागमती प्रदेश सरकारले प्रदेश भित्र रहेका ४ वटा औद्योगिक क्षेत्रको विकासका लागि प्रदेश मातहतमा ल्याउने पहल भइरहेको र मातहतमा आए लगत्तै विकासका योजनाहरु ल्याउने उनले बताए ।

प्रदेशसभा बैठक आज बिहिबार बिहान ११ बजे बस्दैछ । सभामुख सानुकुमार श्रेष्ठले बिहिबार बोलाएको प्रदेशसभा बैठकमा सरकारले आगामी आर्थिक वर्षको लागि ल्याएको बजेटको आर्थिक विधेयकमाथि छलफल भई निर्णयार्थ पेस हुने जनाइएको छ । प्रदेश सरकारको एक मन्त्रीको अनुसार बिहिबार सरकारले आगामी आर्थिक वर्षको बजेट पास गर्ने तयारी गरेको हो ।

## फरार प्रतिवादी पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले संरक्षित वन्यजन्तु गैंडाको शिकार गरी खाग राखेको अभियोग लागेका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

प्रहरीले हेटौंडा उपमहानगरपालिका-४ बाट संरक्षित वन्यजन्तु गैंडाको शिकार गरी खाग राख्ने तथा खरिद बिक्री तथा ओसार पसारमा संलग्न फरार प्रतिवादीलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा चितवन कालिका नगरपालिका-९ शक्तिखोर घर भएका ४१ वर्षीय राम



कुमार प्रजा रहेका छन् । प्रहरीका अनुसार कालिका नगरपालिका-११ घर भई हाल तनहुँ व्यास गाउँपालिका-११ मुलपानी बस्ने ठूलो कान्छा तथा सागर प्रजा भनिने ५२ वर्षीय विन्दर सिंह प्रजासहित दुई जनाले गैंडा शिकार गरेका थिए । खाग (आखेटोपहार) खरिद बिक्री तथा ओसारपसार गरेको मुद्दामा फरार रहेका प्रजालाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले सोमबार हेटौंडा-४ बाट पक्राउ गरेको हो । उनलाई आवश्यक कारवाहीको लागि चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसरा चितवन पठाइने प्रहरीले जनाएको छ ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# पानी शुद्ध बनाएर पिऔं

वर्षासंगै बाढीपहिरोको प्रकोप बढ्दैछ । खोला, खहरे, दोभान, त्रिवेणी सबैतिर पानीको बहाव बढ्दैछ । भिरालो जमिन कटान भइरहेको छ भने समथर जमिन पुरिने क्रम बढेको छ । जमिन कटानसंगै पानी धमिलो भएको छ । नियमितरुपमा धारामा आउने पानी धमिलो भएको छ । कतिपय स्थानमा सङ्लो पानी आएपनि शुद्ध छैन । हेर्दा सफा देखिए पनि शुद्ध पानी नहुँदा कतिपय मानिसहरु बिरामी परिरहेका छन् । दुषित पानीको सेवनबाट लाग्ने रोगबाट मानिसहरु मृत्युवरण गर्न बाध्य भएका छन् । बाढिपहिरोको यो प्रकोपसंगै अशुद्ध पानी र असुरक्षित बसाईले अन्य प्रकोपहरु ल्याउन सक्ने सम्भावना बढिरहेको छ । बिशेषत: बाढिपहिरोपछि शुद्ध पानीको अभावमा झाडापखाला, मलेरिया, टाइफाइड आदिजस्ता रोगहरुको प्रकोप र सर्पदंशको डर रहन्छ तसर्थ शुद्ध पानी र बासस्थानको व्यबस्था जरुरी छ ।

शुद्ध पानीको सेवन अत्यन्त जरुरी छ । त्यसको लागि पानी शुद्ध गर्ने सरल तरिकाहरु जान्नु जरुरी छ । सामान्यतया हेर्दा सफा पानी देखिएमा या अरुबेला पानी खाइरहेको कल, पम्प, धारा, कुँवा आदिबाट बाढिपहिरोपछि पनि हामी पानी पिइदिन्छौ जुन गलत हो । हामीहरु सबैलाई पानीलाई उमालेर सेवन गर्नुपर्दछ भन्ने पनि थाहा छ । तर, दाउरा या इन्धनको कमी, आगो बाल्न अप्ठ्यारो र झन्झट मानेर पानीलाई त्यसै सेवन गर्दछौं अनि हेलचेक्र्याँई गर्दछौं, यो झन गलत हो । बाढिले पानीका मुहान र श्रोतहरुसमेत दुषित पारेको हुनसक्दछ । तसर्थ, झुक्किएर पनि पानी त्यसै सेवन गर्न हुँदैन । चर्पीको व्यबस्थित प्रयोग गर्नपर्दछ र मृत जनावरहरुलाई सकेसम्म छिटै माटोमुनी गाडिदिनु उचित हुन्छ ।

पानी शुद्ध गर्न पहिलो त सोडिस विधि प्रयोग गर्न सकिन्छ । बोतललाई सफा गरेर त्यस्मा खानेपानी हालेर भरिएको बोतललाई सूर्यको किरण पर्नेगरी कम्तिमा ७ घन्टा ढल्काएर राख्ने अनि पानी सेवन गर्नका लागि शुद्ध हुन्छ । अर्को, पानीलाई उमालेर सफा गर्ने विधि छ । पानीलाई भकभकी १०० डिग्री सेक्सियसभन्दा बढी तापमा उमाल्ने अनि चिसो भएपछि पिउन शुद्ध र सफा हुन्छ । तेस्रो फिल्टर विधि प्रयोग गर्न सकिन्छ । सरलरुपमा फिल्टरमा पानी हाल्ने र छानिएर आएको पानी सेवन योग्य हुन्छ । सकेसम्म फिल्टर गरिसकेपछि पनि पानीलाई एकफेर उमालेर सेवन गरेमा जोखिमको मात्रा न्यून हुन्छ । यससंगै पियुष, वाटरगार्ड जस्ता क्लोरिन झोललाई पानीमा हालेर शुद्ध पार्न सकिन्छ । पानी हाम्रो आवश्यक्ता र विकल्प दुबै हो, सफा देखिँदैमा पानी शुद्ध हुँदैन् । शुद्ध पानी प्रयोग गरौं र यो बिपत्तिसंग जुझ्न तैयार बनौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मक्वानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार १७ गते शुक्रबार १ जुलाई २०२२ । असार शुक्लपक्ष द्वितीया । दिल्लाथ्व ११४२ । सूर्योदय: ५:१३, सूर्यास्त: ७:०२ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु नाश | **तुला** | : स्थानान्तरण हुनसक्ने |
| **वृष** | : परिवारमा कलह | **वृश्चिक** | : दुस्चिन्ताले पिरोल्ने |
| **मिथुन** | : रोग नाश | **धनु** | : यात्रामा भयले सताउने |
| **कर्कट** | : कार्यमा बाधा | **मकर** | : उपचार खर्च वृद्धि हुने |
| **सिंह** | : आकस्मिक लाभ हुने | **कुम्भ** | : मानसम्मान मिल्ने |
| **कन्या** | : अर्थहानि हुने | **मीन** | : बादविवाद बढ्ने |

# असारे विकासको नियति



मनिकर कार्की



आर्थिक दृष्टिकोणबाट आर्थिक वर्षान्तका जेठ र असार दुई महिना निकै महत्वपूर्ण मानिन्छ । सरकारको परम्परागत खर्चप्रणाली अनुसार यिनै दुई महिना सबैभन्दा बढी सरकारी खर्च हुने महिना हुन् । अनि यिनै दुई महिना आगामी आर्थिक वर्षका लागि नीति, योजना, कार्यक्रम र बजेट ल्याउने महिना हुन् । जेठ, असार महिना सबै तहका सरकारहरूले आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा वार्षिक बजेट प्रस्तुत गर्ने समय पनि हो । त्यसैले वर्षान्तका दुई महिना अर्थतन्त्रका लागि पनि निकै महत्वपूर्ण मानिन्छन् । साथै यो अवधि निजी तथा सार्वजनिक क्षेत्रले पनि आफ्ना हरहिसाब फरफारक गर्ने, वार्षिक साल तमामी गर्ने एवं आगामी वर्षका लागि आर्थिक एवं व्यावसायिक योजना निर्माण गर्ने समय हो ।

त्यसैले असार लागेसँगै बजारमा आर्थिक चहलपहल बढ्न थाल्छ । यस वर्ष पनि मनसुनसँगै आर्थिक चहलपहल बढ्न थालेको छ । देशमा मौसमी परिवर्तनसँगै वर्षायाम सुरु भइसकेको छ । अनि वर्षायाम सुरु भएसँगै देखिने अर्को दृश्य हो, विकास निर्माणका कामहरू । अहिले नेपालका शहर बजारका सडकहरूमा विकासको चटारो देखिन थालेको छ । सडक मर्मतसम्भार तथा चालु रहेका कामहरूलाई तीव्रता दिँदै असारभित्र तोकिएको बजेट खर्च गर्न होडबाजी सुरु भइसकेको छ । आर्थिक वर्षको ९ महिना चुप बस्ने अनि वैशाख लागेपछि सरकारी कोष खर्च गर्न तम्सिने परम्परा नयाँ होइन । यसपालि पनि असारे विकासका झाँकीहरू यत्रतत्र देखिन थालिसकेका छन् । सरकारले जेठ र असारमा नयाँ सडक नखन्ने घोषणा गरे तापनि सडक मर्मत र सम्भारका नाउँमा असारे भेलसँगै सरकारी खर्चको भेल पनि सुरु भइसकेको छ ।

अब अलिकति चालु आर्थिक वर्षको खर्च संरचना नियालौं । महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक गरेको खर्च विवरण अनुसार चालु आर्थिक वर्षको चैत मसान्तसम्म अर्थात् पहिलो ९ महिनामा सरकारको कुल खर्चमध्ये चालु खर्च ६ खर्ब २६ अर्ब एवं पूँजीगत खर्च १ खर्ब ४ अर्ब भएको थियो । जुन चालु आवकै संशोधित लक्ष्यमध्ये साधारणतर्फ ५८.७२ प्रतिशत एवं पूँजीगततर्फ २७.४५ प्रतिशत हो । अर्थात् पहिलो ९ महिनामा जम्मा २७.४५ प्रतिशत मात्रै पूँजीगत खर्च भएको थियो । त्यसपछिको वैशाख र जेठ महिनाको खर्च विवरणमा चालु खर्चतर्फ १ खर्ब ८८ अर्ब थपिएर २०७९ जेठ मसान्तसम्म कुल ८ खर्ब १४ अर्ब भयो । त्यस्तै सोही दुई महिनाको खर्च विवरण अनुसार पूँजीगत खर्चतर्फ भने ३४ अर्ब थपिएर कुल रु.१ खर्ब ३८ अर्ब भयो ।

यसलाई दैनिक अनुपातमा हेर्ने हो भने पहिलो ९ महिना अर्थात् २०७८ चैत मसान्तसम्म दैनिक चालुखर्च रु.२ अर्ब ३२ करोड हुन जान्छ भने पूँजीगत खर्चतर्फ रु.३८ करोड हुन जान्छ । तर, वैशाख र जेठ महिनाको औसत दैनिक खर्चदर भने साधारण खर्चतर्फ दैनिक रु.३ अर्ब १३ करोड हुनजान्छ भने पूँजीगत खर्चतर्फ दैनिक रु.५७ करोड खर्च भएको छ । दैनिक खर्चवृद्धिको अनुपात असार लागेसँगै थप बढेको छ । किनकि असारे विकासको याम जो सुरु भएको छ । महालेखाकै तथ्यांक अनुसार २०७९ असार महिनाको पहिलो साताको खर्च विवरण हेर्दा १० दिनमा झण्डै ३० अर्ब चालु खर्च एवं ७ अर्ब पूँजीगत खर्च भएको छ । विगतको अभ्यास हेर्दा असार महिनामा मात्रै कुल खर्चको २० देखि २५ प्रतिशत खर्च हुने गरेको देखिन्छ । त्यही परम्परा कायम रहेको अवस्थामा यसपटक पनि असारे खर्च बढ्ने नै देखिन्छ ।

जेठ असारमा सरकारी निकायहरूको बाँकी बक्यौता रहेको प्रशासनिक खर्च फरफारक गर्ने समय पनि हो । विभिन्न अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी, सेमिनार तथा अन्य प्रशासनिक खर्चको हिसाब मिलान गर्ने बेला पनि यही वर्षान्तका दुई महिना नै हुन् । त्यसैले प्रशासनिक खर्च पनि यही महिनामा बढ्ने गरेको देखिन्छ । सबै कामको भुक्तानी वर्षान्तमै गर्ने र बाँकी रहेका विभिन्न शीर्षकका बजेट फ्रिज हुने संभावना हुने हुँदा जे-जसरी हुन्छ ती शीर्षकका बजेट खर्च गराउने परिपाटी नेपालको प्रशासनिक संयन्त्रमा पहिलेदेखि नै विद्यमान छ ।

नेपालको सरकारी संयन्त्रमा असार केन्द्रित खर्चले प्रतिफल दिने भन्दा पनि बजेट खर्च गर्ने नै उद्देश्य राखेको देखिन्छ । त्यसो त सरकारले वार्षिक बजेट प्रस्तुत गर्दा नै लक्ष्यको निर्धारणमा प्राथमिकता पहिचान गर्न सकेको देखिँदैन । नेपालको खर्च प्रणाली उत्पादनमुखी भन्दा पनि वितरणमुखी देखिन्छ । प्रत्येक वर्ष हुने कम्तीमा १२/१३ खर्ब रुपैयाँले एक वर्षमा अर्थतन्त्रमा के-कति भ्यालु एड गर्छ ? भन्ने कुराको समेत लेखाजोखा देखिँदैन । अनि सरकारले अगाडि सार्ने नीति, योजना र कार्यक्रमको प्रभावकारिता चैं चुनावदेखि चुनावसम्म मात्रै हुने गरेको छ । राजनीतिक नेतृत्व सार्वजनिक रूपमा लोकप्रिय देखिने उत्कट चाहनाका साथ नीति कार्यक्रम र बजेट आउने गरेको छ । हालै संघीय तथा प्रादेशिक सरकारहरूले आगामी आर्थिक वर्ष २०७९/८० का लागि ल्याएको वार्षिक बजेट वक्तव्य नियाल्ने हो भने त्यही लोकप्रियताको खोजी र लोकरि झ्याईंको रुझान नै प्रकट हुन्छ ।

संघीय सरकारका अर्थमन्त्रीले आगामी वर्षका लागि १७ खर्ब ९३ अर्बको जम्बो बजेट सार्वजनिक गरेका छन् । अंकका हिसाबले यो अहिलेसम्मकै ठूलो आकारको बजेट हो । चालु आर्थिक वर्ष २०७८/७९ का लागि सरकारले रु.१६ खर्ब ३३ अर्बको बजेट ल्याएको थियो । तर, बजेटका लक्ष्य कार्यान्वयन गर्ने सन्दर्भमा अर्धवार्षिक समीक्षाका क्रममा बजेटको आकार रु.८७ अर्बले घटाएर रु.१५ खर्ब ४६ अर्ब कायम गरिएको थियो । महालेखा नियन्त्रककै विवरण अनुसार यही मिति २०७९ असार १० गतेसम्मको सरकारी आम्दानी १० खर्ब १८ अर्ब -वार्षिक लक्ष्यको ८२ प्रतिशत) रहेको छ भने कुल खर्च रु.१० खर्ब ७९ अर्ब -वार्षिक लक्ष्यको करिब ६६ प्रतिशत) रहेको छ ।

त्यस्तै प्रदेश सरकारहरूले पनि आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र वार्षिक बजेट सार्वजनिक गरिसकेका छन् । प्रदेशहरूले कुल रु.३ खर्ब ५ अर्बको बजेट सार्वजनिक गरेका छन् । प्रदेश सरकारहरूले विनियोजन गरेका खर्चको स्रोत व्यवस्थापनको रूपमा मुख्यगरी प्रदेश सरकारका आन्तरिक राजस्व, राजस्व बाँडफाँटबाट प्राप्त हुने आम्दानी एवं संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण आय तथा अनुदान नै मुख्य स्रोत हो ।

समग्रमा प्रदेश सरकारका स्रोतको कुरा गर्दा आफ्नै आन्तरिक स्रोतबाट ७ वटै प्रदेश सरकारको कुल विनियोजित रकममध्ये जम्मा रु.२७ अर्ब १ करोड प्राप्त हुने अनुमान गरिएको छ । यो कुल बजेटको ८.८७ प्रतिशत हुन आउँछ । त्यस्तै राजस्व बाँडफाँटबाट प्राप्त हुने आम्दानी करिब रु.९३ अर्ब ८६ करोड अर्थात् कुल विनियोजित रकमको ३०.७३ प्रतिशत रहेको छ । यसरी प्रदेश सरकारको एकलौटी वा साझेदारीमा प्राप्त हुने राजस्व आम्दानी कुल विनियोजित बजेट रकमको ३९.६ प्रतिशत हुने अनुमान गरिएको छ । यसबाट प्रदेश सरकारहरूले आफ्ना वार्षिक नीति कार्यक्रम र बजेट कार्यान्वयनका लागि ६० प्रतिशत वित्तीय स्रोत संघीय सरकारबाट पाउने अनुदान तथा वित्तीय हस्तान्तरण आयमा भर पर्नुपर्नेछ ।

प्रदेश सरकारहरूले पनि वार्षिक विनियोजित रकम अनुसार खर्च गर्न सकेका छैनन् । प्रदेश सरकारको खर्च गर्ने संयन्त्र निकै फितलो देखिएका कारण विनियोजित रकम खर्च हुन नसकेको हो । अनि प्रदेशले तय गरेका योजना र कार्यक्रमहरूको सान्दर्भिकता र आवश्यकता पहिचानमा ध्यान दिन नसक्दा योजनाहरू कार्यान्वयनको तहमा पुग्न सकेका छैनन् । जसका कारण विनियोजित रकम खर्च हुन नसकेको हो ।

लुम्बिनी प्रदेश सरकारको चालु आर्थिक वर्षको गत जेठ ३० सम्मको खर्च अनुपात केवल ४४.२ प्रतिशत रहेको छ । त्यसैगरी मधेश प्रदेश सरकारले कुल विनियोजित रकममध्ये ७५ प्रतिशत खर्च हुने संशोधित अनुमान गरेको छ भने वागमती प्रदेशको ८० प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ । अन्य प्रदेशहरूको हकमा खर्च अनुपात ७० प्रतिशतकै हाराहारी रहने अनुमान गरिएको छ । प्रदेशले पनि संघीय सरकारले जेठ, असारमै खर्च बढाउने गरी काम गरिरहेका छन् । प्रदेश राजधानी तथा मुकामहरूमा दैनिकजसो चल्ने गोष्ठी, सेमिनार एवं कार्यशाला जस्ता कार्यक्रमहरूले त्यही असारे गतिविधिलाई नै झल्को दिएको छ । नेपालको पारम्परिक खर्च प्रणाली हेर्दा अक्सर विकासे परियोजनाहरूको बजेट पनि यही समय खर्च हुने गरेको छ । असारे विकासलाई विकासको बेथिति भन्न सकिन्छ । अनि असारे खर्चलाई ढुकुटीमाथिको 'दबावमूलक' बोझ मान्न सकिन्छ । असार लागेसँगै हुने कामले एकातिर वर्षभरि गर्नुपर्ने काम वर्षान्तको केही महिनामा नै सम्पन्न गर्न खोज्दा कामको गुणस्तरीयता सन्देहमा पर्दछ भने अर्कोतिर त्यसले वर्षभरि प्रवाह हुनुपर्ने नगद प्रवाहको अवस्थालाई ब्रेक गरिदिन्छ ।

वर्षभरिका महिनाहरूमा अनुपातिक रूपमा प्रवाह हुने नगदले अर्थतन्त्रमा मुद्राको वेग (भेलोसिटी) बढाउँछ, जति धेरै भेलोसिटी बढ्छ, त्यसले मुद्रा प्रयोगको गति पनि बढ्छ र त्यसले अर्थतन्त्रको दायरा बढाउँछ । तर, वर्षका अन्तिम महिनाहरूमा परिचालन हुने मुद्राले अर्थतन्त्रमा समानुपातिक रूपमा मुद्राको भेलोसिटी बढ्न सक्दैन र त्यसले अर्थतन्त्रको दायरा साँघुर्‍याउनुका साथै मुद्रा प्रवाहमा असन्तुलन पैदा गरिदिन्छ । सुरुमै वा यथोचित समयमा हुने खर्चले अर्थतन्त्रलाई गतिशील बनाउँछ ।

त्यसैगरी अर्थतन्त्रमा 'मुद्राको समय मूल्य' (टाइम भ्यालु अफ मनी) को पनि निकै महत्व हुन्छ । भविष्यमा प्राप्त हुने एक रुपैयाँ र अहिले प्राप्त हुने एक रुपैयाँ तुलना गर्दा अहिलेकै रुपैयाँले अर्थतन्त्रमा बढी भ्यालु एड गर्दछ ।

तर, नेपालको विद्यमान खर्च प्रणालीले मौद्रिक अर्थशास्त्रको यी सामान्य नियमलाई पनि अंगीकार गरेको छैन । असारे विकासले केवल तथ्यांकीय खर्च प्रणालीलाई प्रवर्द्धन गरेको छ न कि विकास निर्माणको गुणस्तरीयता र दिगोपनाको । त्यसैले मुलुकमा आर्थिक सुधारका कुरा गर्दै गर्दा, असारे विकासको शैली पनि बदल्नुपर्ने आवश्यकता खट्किने गरेको छ । यसका लागि प्रशासनिक ऐन-कानुन, नियम, संयन्त्र एवं खर्च प्रणालीमा परिवर्तन गर्नुका साथसाथै अर्थतन्त्रको संरचनागत परिवर्तन पनि अत्यावश्यक भइसकेको छ । अनि सरकारी खर्चको प्रभावकारिता र निर्धारित योजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि असारे विकासको नियति बदल्नुको पनि विकल्प छैन । -साभार: अनलाइनखबर

# समाजवादको भद्दा मजाक गरिँदैछ नेपालमा



डा. युवराज संग्रौला

*अझ नेकपा एमालेका पूर्वमन्त्री सुरेन्द्र पाण्डेले हालै भन्नुभयो कि, हामीले धन्न एमसीसी लियौं र श्रीलंका हुनबाट जोगियौं, हाम्रो वैदेशिक मुद्रा बढ्यो र हाम्रो अवस्था अलिकति भए पनि सुदृढ हुन सक्यो । अमेरिकाले हामीलाई उद्दार नै गर्‍यो भनेर उहाँको कुरा सुन्दा निकै अचम्मित हुन पुगेँ ।*

समाजवादको बोक्रा ओढेर हिँडिरहेका थुप्रै व्यक्तिहरूलाई हेक्का नै छैन होला कि नेपालमा समाजवादको कुरा गर्नु भनेको निकै हास्यासपद कुरा हो । किनभने, हामी न त समाजवादतिर जान सकेका छौँ न त पुँजीवादतर्फ नै । हाम्रो मूल नै साम्राज्यवादी भएपछि समाजवादको डोर त कतै अलमलिरहेको अवस्था छ ।

समाजवादले समाजमा ल्याउनु पर्ने परिवर्तनहरू हामीले पाइरहेका छौँ या छैनौँ त ? यस प्रश्नले हामीमाझ प्रस्तुत गर्ने उत्तर निकै भयभित तुल्याउने खालको हुनेछ । कारण के हो भने, हामी र हाम्रो समाजमा समाजवादी विचार, चिन्तन र विकासले ल्याउनु पर्ने कुनै पनि किसिमको परिवर्तन नभएपछि समाजवाद आइपुग्यो भन्ने आधार के हो ? आधारहीन रुपमा हाम्रा नेताहरूले पुष्टि गर्न खोजेको समाजवाद भनेको बोलीमा भएको, उनीहरूको भाषणमा भएको तर सामाजिक व्यवहारमा नभएको खोक्रो समाजवाद हो ।

समाजवाद अन्तर्गत देशले पाउनु पर्ने केही आधारभूत विषयहरू मध्येको एक विषय हो, वर्गीय समाजको सुरक्षा । वर्गीय समाजमा भएको असमानता र असमान व्यवहारका कारणले गर्दा हामी समाजवादी चिन्तन र व्यवहारबाट पर भएको भान हुन्छ । वर्गीय समाजमा हुनुपर्ने आपसी समझदारी र मेलमिलापको रेखाभित्र हामी अटाउन सक्छौं या सक्दैनौं भन्ने कुराले नै समाजवादको एक विम्वको रुपमा काम गर्छ । र, उक्त संकेतले नै समाजवादको एक अध्याय सफल रह्यो भन्ने ठाउँ पनि बन्न सक्छ । तर, हामी र हाम्रो राजनीतिक व्यवस्थालाई हेर्दा त हाम्रो लाचारी भन्दा केही पनि देखिँदैन । पुँजीपतिहरूको सेवा गर्ने निकाय जस्तो बन्दै गएको राजनीतिबाट समाजवादी विकासको अपेक्षा गर्नु कत्तिको सही हुन्छ ? यो प्रश्नको उत्तर निकै तीतो यथार्थको रुपमा हामीमाझ आइ नै रहेको छ । रुभोको व्याँसोजस्तै हो पुँजीवाद पनि । गोरुलाई जति धोए पनि गाई बन्दैन ।

तर, कमसेकम गोरु सफा र सुकिलो त हुन्छ । त्यसै गरी हामी साम्राज्यवादीका विचार र व्यवस्थालाई अध्ययन मनन गरेर अघि बढ्ने तर गफ चाहिँ समाजवादका गर्ने । नैतिक रुपमा पनि यो कत्तिको सुहायो ? भ्रमको खेती गर्दै हामीले बनाएको व्यवस्था र राजनीतिक व्यक्तिहरू लोकतन्त्र र समाजवादसँग भद्दा मजाक गरिरहेका छन् र यो नै हाम्रो निम्ति घातक पक्ष पनि सावित हुन सक्छ । लोकतान्त्रिक अभ्यास राम्रोसँग नभएसम्म पनि समाजवादको सपना देख्नु भनेको निकै दर्दनाक कुरा हो ।

हाम्रो देशमा त अहिले समाजवाद त परको कुरा, लोकतन्त्र नै छ कि छैन भन्ने विषयमा छलफल जरुरी छ । लोकतन्त्रमाथि विश्लेषण नभएसम्म समाजवादको कुरा त घाममा नै सुकाए भयो । हाम्रा नेताहरूले बारम्बार दोहोर्‍याउने लोकतान्त्रिक अभ्यास भने चुनावमा मात्रै गएर अड्किएको छ । के चुनाव हुँदैमा कुनै देशमा असली लोकतन्त्र छ भन्न सकिन्छ ? पटक्कै सकिँदैन । तसर्थ, पश्चिम बंगाल र नेपाल जस्तो साम्राज्यवादले परिचालित मुलुकहरूले समाजवादको कुरा गर्दा अनौठो लाग्नु पनि अत्यन्तै स्वाभाविक हो ।

हाम्रो देशमा त अब समाजवादको अवधारणा नै खत्तम हुन लागेको हो त ? जस्ता प्रश्नहरू सुरु भएको छ । बाह्य मुलुकको बारम्बारको हस्तक्षेप तर परराष्ट्र नीतिहरूमा देखिएको कमजोर पक्षले पनि हामीलाई विचार विमर्श गर्ने थप अवसर प्रदान गरेको छ । हामी वैदेशिक लगानी देशमा भित्र्याउँछौं भनेर बीसौं करोड खर्चेर कार्यक्रमको आयोजना चाहिँ गर्छौं तर त्यसबाट देशले बार्षिक रुपमा कुनै पनि किसिमको आर्थिक लगानी भित्र्याउन नसकेको कुरालाई समीक्षा गर्न भने सक्दैनौं । यस्तै केही कमजोरीहरूले भविष्य अँध्यारोमा पर्ने लक्षण भने दिन थाल्छ ।

शिक्षा प्रणाली भनेको कुनै पनि मुलुकको आधारभूत अंग अन्तर्गत पर्छ र त्यसको सुनिश्चितता नै समाजवादको एक विम्व हुने हुँदा त्यसले गम्भीर भूमिका निर्वाह गर्छ ।

तर हाम्रो देशमा शिक्षासँग गरिएको छेड्खानी देख्दा अत्यन्तै दु:ख लाग्ने अवस्था सिर्जित भएको छ । हाम्रा कथित समाजवादी नेताहरू त्रिविमा ताल्चा लगाएर प्राइभेट कलेजहरूबाट मात्रै शिक्षा प्रणालीको विकास गर्ने जस्तो आचरण देखाउँछन् । त्रिविजस्तो संस्थाले देश विकासकै हकमा पनि गर्न र पुर्‍याउन सक्ने बलियो आधारको अर्थ थाहा पाउन त उहाँहरूमा अध्ययनको चेष्टा पनि त हुनुपर्‍यो । त्यसैले यो अप्रसाँगिक उदारवादले मुलुकलाई समाजवादबाट झन् झन् पर लग्दै गरेको कुरा हाम्रा विद्वान नेताहरूलाई अनुमान भयो ।

अवसरको घिनलाग्दो फोहोर बन्दै गएको यो राजनीतिक अवस्था र व्यवस्थाले जन अवस्था पुरा गर्न नसकेको कुरा सबै मर्मज्ञले स्वीकार्नु पर्छ । हामी समाजवादको कुरा गरेर साम्राज्यवादी अमेरिकालाई आफ्नो मानकका रुपमा हेरिरहेका पनि छौँ । यो बाटो ठिक होइन । बाराक ओबामामा अनुकरणीय समाजवाद खै कहाँ छ ? ओबामालाई मानकको रुपमा हेरिरहेका हामीले यसबारे बुझ्न अत्यन्तै जरुरी छ । आजको देश देशबीच भएको अनेक द्वन्द्वमा ओबामाको साम्राज्यवादी सोँचले जरा गाडेकाले पनि भएको कुरा नकार्न मिल्दैन । यसको गहन समीक्षा पुन: गर्नुपर्ने नै छ । यद्यपि, एउटा विचारको आडमा अर्कै व्यवस्था सिर्जना गरिरहेका हामीले र हाम्रा नेताले अब कस्तो बाटो लिने भन्नेबारे विशेष ध्यान पुर्‍याउन जरुरी छ ।

अझ नेकपा एमालेका पूर्वमन्त्री सुरेन्द्र पाण्डेले हालै भन्नुभयो कि, हामीले धन्न एमसीसी लियौं र श्रीलंका हुनबाट जोगियौं, हाम्रो वैदेशिक मुद्रा बढ्यो र हाम्रो अवस्था अलिकति भए पनि सुदृढ हुन सक्यो । अमेरिकाले हामीलाई उद्दार नै गर्‍यो भनेर उहाँको कुरा सुन्दा निकै अचम्मित हुन पुगेँ । र, दिक्क पनि लाग्यो । यस्तो गैरवामपन्थी अभिव्यक्ति र अझ बिना विचार अध्ययनको अभिव्यक्ति सुनेपछि उहाँप्रति अलिकति दया पनि लागेर आयो । अमेरिका जस्तो मुलुक जहाँको अर्थतन्त्रको साँचो थोरै केही धनी व्यक्तिहरूको हातमा छ, त्यहाँबाट समाजवादको कुन पाठ सिक्न सकिएला र ? समाजवादको औचित्य बोकेर चीन, भियतनाम जस्ता मुलुकहरू समाजवादी अर्थतन्त्रका रुपमा स्थापित भए । यी दुइ चार वटा समाजवादी अर्थतन्त्र मिसाइयो भने यो विश्वको पहिलो अर्थतन्त्र बन्न सक्ने ल्याकत राख्छ । हामीले योबाट सिक्ने कि आफ्नै खोक्रो सिद्धान्तको बाजा बजाइरहने ?

रसिया युक्रेनको युद्धमा समेत जोडिने पक्ष हो अमेरिकी आतंक । यसकै प्रभावमा आज विश्वले खेप्नु परेको दुर्दशाबारे हामी जानकार नै छौं । यो आतंकसँग टाढा रहेर केही समाजवादी अर्थतन्त्र बोकेका मुलुकबाट सिक्नु नै हाम्रो एकल विकल्प हो । तसर्थ सबै राजनीतिज्ञ र बौद्धिक वर्गले के बुझ्न पर्यो भने समाजवादको विकल्प पुँजीवाद होइन तर पुँजीवादको विकल्प समाजवाद जरुर हो । त्यसैले विचार मन्थन गर्ने कि अब ? समग्रमा भन्नुपर्दा हाम्रो देशमा बामले दिएको धोका र गैरसमाजवादी आचरणले गर्दा हामी अझ भड्खालोमा परेका छौं । अब बेला आएको छ, विचार मन्थन र चिन्तन गरी परिवर्तनको डोर ल्याउन ।

*नरबहादुर कर्माचार्यको स्मृति दिवसमा आयोजित अन्तरक्रिया कार्यक्रममा व्यक्त विचार -रातोपाटी*

# पीएसजीबाट पोचेटिनो बहिर्गमन प्रक्रियाले अझै पूर्णता पाएन



काठमाडौं / सम्झौताअनुसार भुक्तानी प्रक्रियामा सहमति हुन नसकेपछि फ्रान्सेली महारथी पेरिस सेन्ट जर्मेइन (पीएसजी)बाट माउरिसियो पोचेटिनोको बहिर्गमन प्रक्रिया लम्बिएको छ ।

केलियन एम्बाप्पेले नयाँ सम्झौतामा हस्ताक्षर गरेपछि र स्पोर्टिङ डाइरेक्टर लियोनार्दोलाई पदमुक्त गरेपछि यी अर्जेन्टाइन प्रशिक्षकको पद धरापमा परेको थियो । आफ्नो बर्खास्तगी प्रक्रिया जुन अन्तिमसम्म पुग्ने पोचेटिनो आफैंले अपेक्षा गरेका थिएनन् । क्लबसँग पोचेटिनोले आफू र आफ्ना कोचिङ अफिसियललाई सम्झौताको अन्तिम वर्षसम्म नियमित सुविधाको माग गरेका छन् ।

साथै आफूले नयाँ जागिर नपाएसम्म आफ्नो तलव सुविधा मासिक रुपमा पीएजीले भुक्तानी गर्नुपर्ने सर्त उनले राखेका छन् । यसमा पीएसजी सकारात्मक नभएका कारण सम्झौता हुन नसकेको हो । तर, कुनै न कुनै विन्दूमा पीएसजी र पोचेटिनोबीच सहमति हुनैपर्ने छ । किनभने पीएसजीले उनको स्थानमा क्रिष्टोफ गाल्टियरसँग सम्झौताको नजिक पुगेको छ । गत सिजन निसका लागि प्रशिक्षण सम्हाल्नुअघि रणनीतिक प्रशिक्षक गाल्टियरले लिलीलाई सन् २०२१ को लिग वान जिताएका थिए ।

पोचेटिनो र पीएसजीको प्रकरणमा सहमति नभए यो विषय अदालतसम्म पुग्नसक्छ । अहिलेसम्म दुवै पक्षले यो विकल्पमा पुगिसकेका छैनन् । -साभार: अनलाइनखबर

# २५ प्रतिशत कृषियोग्य जमिन बाँझो !

काठमाडौं / 'धान बालीमा जैविक विविधताको उपयोग, आयात प्रतिस्थापनमा सहयोग' भन्ने मूल नाराका साथ असार १५ गते बुधबार देशभर १९ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाइएको छ । यसै क्रममा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को अनुसन्धान केन्द्र खुमलटारमा धान दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्री महिन्द्र राय यादवले कृषिमा आत्मनिर्भर हुन गाह्रो भइरहेको बताएका छन् ।

उनले एकातिर खाने मुख बढिरहेको, अर्कोतिर कृषियोग्य जमिन घटिरहेकाले कृषिमा आत्मनिर्भर हुन गाह्रो भएको जिकिर गरे ।

कृषियोग्य जमिन घटेपनि उत्पादनमा वृद्धिका लागि सामूहिक खेती, चक्लाबन्दी खेती, करार खेतीमा जोड दिइनु पर्नेमा मन्त्री यादवले उपाय पनि सुझाए । उनले एउटै जमिनमा कम्तीमा तीनवटा बाली लगाउन सुझाउँदै भने, 'हामीसँग जमिन थोरै छ, खाने धेरै भयौं । अब भएको जमिनमा नै उत्पादन वृद्धि गरौं ।'

उनले एउटा जमिनमा चैते धान, वर्षे धान, गहुँ वालीदेखि तरकारी खेती गर्न सकिने र त्यसका लागि प्रविधिको विकास गर्नुपर्ने धारणा राखे । उनले भने, 'कृषियोग्य जमिन खण्डीकृत भइरहेकाले कृषि मन्त्रालयले खेतीयोग्य जमिनमा चक्लावन्दी तथा सामुहिक खेतीमा जोड दिन प्रोत्साहन गरिने छ ।' तर उनले देशमा रहेको बाँझो जमिनको विकल्पबारे केही भनेनन् । जबकि नेपालमा दिनदिनै कृषियोग्य जमिन खण्डीकरण भइरहेको र बाँकी रहेको जमिन पनि बाँझो अवस्थामा छ ।

खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धि कार्यविधि २०७२ अनुसार नेपालको कुल खेतीयोग्य जग्गा ४१ लाख २१ हजार हेक्टर मध्ये हाल ३० लाख ९१ हजार हेक्टरमा मात्र खेती हुन्छ । अर्थात्



१० लाख ४० हेक्टर जमिन अझै बाँझो छ । ३० लाख कृषियोग्य जमिनमध्ये १३ लाख हेक्टरमा धान खेती हुन्छ । अर्थात् कुल जमिनको १५ प्रतिशत जमिनमा धान खेती हुन्छ । एक तथ्यांकअनुसार करिब पाँच लाख हेक्टर धान खेती जमिन बाँझो रहेको छ । जसलाई सदुपयोग गर्न सकियो भने २० लाख मेट्रिक टन भन्दा बढी धान उत्पादन हुन्छ, जो आत्मनिर्भरका लागि पर्याप्त हुन्छ ।

कृषि मन्त्रालयका अनुसार ६५ लाख मेट्रिक टन धान उत्पादन भयो भने धानमा आत्मनिर्भर हुन सकिन्छ । अहिले ५५ लाखदेखि ५१ लाख मेट्रिक टन धान उत्पादन हुन्छ । तर बाँझो जमिन उपयोगको नीति कागजमै सीमित छ ।

कृषि गणना २०६८ अनुसार एक लाख १६ हजार जनाले आफ्नै जमिन नभएका कारण कृषि कर्म गर्न नसकेको हुन् । गणनाअनुसार ७१ प्रतिशत जनता पूर्णकालीन कृषिमा आवद्ध छन् भने ८३ प्रतिशत जनता कृषि पेशामा आत्मनिर्भर तथा ४२ प्रतिशत किसानले कृषिका लागि ऋण नपाएको उल्लेख छ । वास्तविक किसानहरुसँग जमिनको स्वामित्व नहुनु, अनुपस्थित भूस्वामित्वको स्थिति कायमै रहनु, कृषिमा श्रम गर्ने युवा शक्तिको पलायन, न्यून उत्पादकत्व, कृषि उत्पादन सामग्रीको कमी, कम नाफामुखी व्यवसाय र अपेक्षित रुपमा सम्मानित पेशाको रुपमा विकसित हुन नसक्नु लगायतका कारण खेतीयोग्य जमिन बाँझो रहेको कृषि मन्त्रालयले जनाएको छ ।

कृषि मन्त्रालयका प्रवक्ता डा.प्रकाश सञ्जेलका अनुसार नेपालमा कुन प्रकृतिको कति जमिन कहाँ बाँझो छ, त्यसको यकिन तथ्यांक मन्त्रालयसँग छैन । कुनै निकाय तथा संस्थाले आफ्नो तरिकाले अध्ययन गरे पनि त्यो आधिकारिक नभएकाले आगामी आर्थिक वर्षमा बाँझो जमिनबारे कृषि मन्त्रालयले अध्ययन गर्न लागेको जनाए ।

सञ्जेलले भने, 'हामीले सातवटै प्रदेशमा अध्ययन गर्न लगाइरहेका छौं । यो व्यवस्था वजेटमै छ । सम्पूर्ण तथ्यांक आएपछि सोबारे थप निर्णय लिन्छौ ।' एक अध्ययनअनुसार नेपालमा २० देखि २५ प्रतिशत कृषियोग्य जमिन बाँझो छ । उनले उत्पादनमा वृद्धिका लागि बाँझो जमिनलाई व्यवस्थित गर्नैपर्ने बताए । आगामी आर्थिक वर्षका लागि हरेक प्रदेशलाई एक-एक करोड गरी सात करोड रुपैयाँ अध्ययनका लागि विनियोजन गरिएको छ ।

यता, जुन किसानसँग जमिन छैन, त्यसलाई बाँझो जमिन उपयोग गर्न दिएर तीन वर्षभित्र मुलुकलाई कृषिमा आत्मनिर्भर बनाइने योजना पनि सरकारले नबनाएको होइन, तर त्यो कागजमै सीमित रह्यो । त्यसो तसरकारले बाँझो जमिन उपयोग गर्नका लागि वैदेशिक रोजगारमा गएका युवालाई यसप्रति आकर्षण गराउने र त्यसका लागि न्यून व्याज दरमा ऋण उपलब्ध गराउने घोषणा पनि कृषि मन्त्रालयले गरेको वर्षौं भइसक्यो । तर, अहिलेसम्म कार्यान्वयन भएको छैन । प्रवक्ता सञ्जेल भन्छन्, 'यी काम गर्न बाँझो जमिनको बारेमा विस्तृत तथ्यांक चाहिन्छ, जुन हामीसँग छैन । बाँझो जमिनको विस्तृत अध्ययनपछि काम अगाडि बढ्छ ।'

***कसरी भयो बाँझो ?***

अझै पनि धेरैले हदबन्दी बढी जमिन आफूसँग राखेका छन् तर कम गर्ने मान्छेको अभावमा त्यसमा खेती गर्न नसकेको कारण धेरै ठाउँमा अधिक मात्रामा त्यस्ता जमिन बाँझो छ । खास गरी तराई मधेशका ठूला जमिन्दारहरुको जमिन बाँझो छ ।

बढी भएको जमिनमा अरुलाई खेती गराउन सकिन्छ तर मोही लाग्ने वा जमिन उपयोग गर्नेले पछि दावी गर्ने डरले जमिन मालिकहरुले अरुलाई खेतीयोग्य जमिन दिइरहेको छैनन् । अर्कोतर्फ कृषि उद्योग, सहकारी, शिक्षण, स्वस्थ संस्था आदिका नाममा हदबन्दी भन्दा बढी जमिन राख्न सरकारले छुट दिएको छ । त्यसले यस्ता छुट दिइएका संस्थाका नाममा थुप्रै जमिन ओगटिएका छन् । तर प्रयोगविहीन छन् ।

अर्को कारण, वैदेशिक रोजगार नै हो । गाउँमा भएको खेतीबाट फाइदा नदेखिएपछि युवाहरु कृषि छाडेर विदेश पलायन भएका छन् र गाउँमा भएका खेत बाँझो भएको छ । गाउँ छाडेर सहरमा बस्ने, प्रवृत्ति बढ्दै गएको कारणले पनि गाउँघरका जमिन बाँझो हुने अवस्थामा छ ।

त्यस्तै, कृषिमा लगानी अनुसार फाइदा नहुने देखिएपछि कृषि पेसाबाट पलायन हुने अवस्था पनि सिर्जना भएको छ । कृषिमा गर्ने मेहनत जति अरु क्षेत्रमा गर्न सकियो भने बढी फाइदा हुन्छ । यसरी युवाहरु खेती छाडेर अन्य व्यवसाय या रोजगारमा लागेका कारण खेतीयोग्य जमिन बाँझो हुँदै गइरहेको छ ।

*-साभार: रातोपाटी*

# पहिरोका कारण डेढ दर्जनभन्दा बढी सडक अवरुद्ध



काठमाडौं / अविरल वर्षासँगै आएको बाढी तथा पहिरोका कारण देशभर डेढ दर्जनभन्दा बढी सडक अवरुद्ध भएका छन् । सडक अवरुद्ध हुँदा सवारी आवागमन प्रभावित भएको छ ।

सिन्धुली, दार्चुला, मोरङ, बागलुङ, प्युठान, धादिङ, दाङ, तनहुँ, नवलपरासी(पूर्व), धनकुटा, उदयपुर र सोलुखुम्बुका विभिन्न स्थानमा पहिरो जाँदा सडक अवरुद्ध भएको प्रहरीले जनाएको छ ।

सिन्धुलीको गोलन्जोर गाउँपालिका-५ सोलाभन्ज्याङस्थित बिपी राजमार्गमा बुधबार बिहान पहिरो जाँदा सडक पूर्ण रुपमा अवरुद्ध भएको छ ।

यस्तै, सिन्धुलीकै गोलन्जोर गाउँपालिका-६ अकरे भिरस्थित सडकमा बुधबार बिहान ढुङ्गा माटो सहितको पहिरो जाँदा सडक अवरुद्ध भएको छ । दुवै स्थानमा नजिकको प्रहरी कार्यालयबाट खटिएको प्रहरीले सडक खुलाउने पहल गरिरहेको छ ।

दार्चुलाको शैल्यशिखर नगरपालका-९ नक्तडीमा गोकुलेश्वर दार्चुला सडकमा बुधबार बिहान पहिरो जाँदा सडक अवरुद्ध भएको भएको छ । इलाका प्रहरी कार्यालय गोकुलेश्वरबाट खटिएको प्रहरीले सडक खुलाउन आवश्यक पहल गरिरहेको छ ।

मोरङको लेटाङ नगर पालिका-३ फायर लाइनस्थित लेटाङ कानेपोखरी सडकमा मंगलबार दिउँसो रुख लडेर सडक अवरुद्ध भएको छ । इलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरीले स्थानीय र जनप्रतिनिधिको सहयोगमा सडक खुलाउन आवश्यक पहल गरिरहेको छ ।

बागलुङको गल्कोट नगरपालिका-७ आगाखेतस्थित सडकमा मंगलबार राति पहिरो जाँदा सडक पूर्ण रुपमा अवरुद्ध भएको छ । सडक अवरोध भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी हटियाबाट सडक खुलाउन आवश्यक पहल गरिरहेको छ ।

प्युठानको सरुमारानी गाउँपालिका-४ अँधेरी खोला, पाँकुरी खोलामा मंगलबार राति लेदो सहितको पहिरो जाँदा प्यूठान भालुवाङ सडक खण्ड अवरुद्ध भएको छ । साथै माण्डबी गाउँपालिका-५ चेरनेटामा बुधबार बिहान लेदो सहितको पहिरो जाँदा सडक अवरुद्ध भएको छ । सडक अवरोध भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बड्डाडाँडा र अस्थायी प्रहरी पोष्ट चकचकेबाट खटिएको प्रहरीले सडक खुलाउने आवश्यक पहल गरिरहेको छ ।

धादिङको गल्छी गाउँपालिका-६ महेश दोभानस्थित पृथ्वी राजमार्गमा बुधबार बिहान लेदो सहित पहिरो जाँदा सडक अवरोध भएको छ । प्रहरी चौकी बैरेनीबाट खटिएको प्रहरीले आवश्यक समन्वयमा सडक एकतर्फी सुचारु गराएको छ ।

दाङको घोराही उपमहानगरपालिका-१३ बगालेमा भेरे खोलामा मंगलबार राति आएको बाढीका कारण घोराही रोल्पा होलेरी सडक पूर्ण रूपमा अवरुद्ध बनेको छ । अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरीले बाढीमा फसेका दुई वटा सवारी साधन निकाल्नुका साथै एउटा डबल क्याप जिप निकाल्ने पहल गरिरहेको छ । तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ऐनापहरास्थित पृथ्वी राजमार्गमा बुधबार बिहान ढुंगा माटो सहितको लेदो पहिरो जाँदा सडक पूर्ण रुपमा अवरुद्ध भएको छ । इलाका प्रहरी कार्यालय आँबुखैरेनीबाट खटिएको प्रहरीले सडक खुलाउन आवश्यक पहल गरिरहेको छ ।

नवलपरासी(पूर्व)को विनयीत्रिवेणी गाउँपालिका-१ स्थित खहरे खोला, मध्य बिन्दु नगर पालिका-१० स्थित ठुलो खहरे र सानो खहरे खोलामा पुल निर्माणको लागि बनाइएको तीन वटा ड्राईभर्सन अविरल वर्षाको कारण बुधबार बिहान बगाएको छ । ड्राईभर्सन बगाउँदा पूर्वपश्चिम राजमार्ग अवरुद्ध भएको छ । इलाका प्रहरी कार्यालय नयाँबेलहनीबाट खटिएको प्रहरीले सडक खुलाउन आवश्यक पहल गरिरहेको छ ।

धनकुटाको धनकुटा नगरपालिका-९ सिम्सुवास्थित मुलघाटदेखि त्रिवेणी जाने सडकमा बुधबार बिहान पहिरो जाँदा सडक अवरोध भएको छ । सडक अवरोध भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी मुलघाटबाट खटिएको प्रहरीले सडक खुलाउन आवश्यक पहल गरिरहेको छ ।

उदयपुरको कटारी नगर पालिका-१४ वनडाँडास्थित सिद्धिचरण राजमार्गमा बुधबार बिहान पहिरो जाँदा सडक अवरोध भएको छ । प्रहरी चौकी घुर्मीबाट खटिएको प्रहरीले सडक खुलाउन आवश्यक पहल गरिरहेको छ ।

यसैगरी उदयपुरको चौदण्डिगढी नगरपालिका-१० खैराफोडा र सोही नगरपालिका-९ ज्यामिरे खोलामा आएको बाढीको कारण सडक अवरोध भएको छ । उक्त स्थानमा तत्काल इलाका प्रहरी कार्यालय बेल्टारबाट प्रहरी खटिएको छ ।

सोलुखुम्बुको माहाकुलुङ गाउँपालिका-१ लोचनस्थित बुङबाट सोताङतर्फ आउने सडकमा मंगलबार साँझ पहिरो जाँदा सडक अवरोध भएको छ । प्रहरी चौकी बुङबाट खटिएको प्रहरीले सडक खुलाउन आवश्यक पहल गरिरहेको छ ।

-साभार: खबरहब

# वृद्धभत्ता: बजेटमा ६८ बर्ष, विधेयकमा मौन



काठमाडौं / सरकारले आगामी आर्थिक बर्षका लागि ल्याएको बजेटमा ६८ वर्षमै वृद्धभत्ता दिने उल्लेख छ । तर, सरकारले संसदमा दर्ता गरेको वृद्धभत्तासँग सम्बन्धित सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक भने वृद्धभत्ता पाउने उमेरबारे मौन रहेको छ ।

संघीय संसदको संयुक्त सदनमा बजेट प्रस्तुत गर्दै जेठ १५ गते अर्थमन्त्री जनार्दन शर्माले ६८ बर्षमै बृद्ध भत्ता दिने घोषणा गरेका थिए । तर, २९ जेठ २०७९ मा गृहमन्त्री बालकृष्ण खाँणले प्रतिनिधिसभामा दर्ता गरेको सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा भने बृद्ध भत्ता पाउने उमेरबारे केही उल्लेख गरिएको छैन ।

प्रचलित ऐनको दफा ४ (१) मा दलित र एकल महिला जेष्ठ नागरिकले ६० वर्ष उमेर पुरा गरेपछि र अन्य जेष्ठ नागरिकले ७० बर्ष उमेर पुरा गरेपछि सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोके बमोजिम बृद्ध भत्ता (जेष्ठ नागरिक भत्ता) पाउने उल्लेख छ ।

यही ऐन संशोधन गर्न ल्याइएको विधेयकमा यो यो दफामा संशोधन गर्ने प्रस्ताव नै राखिएको छैन । -अनलाइनखबर

# स्थानीय तहमा अनियमितता बढ्नु चिन्ताजनक: राष्ट्रपति भण्डारी

काठमाडौं / राष्ट्रपति विद्यादेवी भण्डारीले स्थानीय तहहरुमा अनियमितता बढ्दै जानु चिन्ताको विषय बनेको बताएकी छन् ।

बुधबार महालेखापरीक्षकको कार्यालयको ६४ औं वार्षिकोत्सव कार्यक्रममा बोल्दै राष्ट्रपति भण्डारीले स्थानीय तहका नेतृत्वले विगतका कमी, कमजोरी नदोहोरिने गरी आर्थिक अनुशासनको पालना गर्नुपर्ने बताएकी हुन् ।

'पछिल्लो समयमा नवस्थापित स्थानीय तहहरुमा अनियमितता वृद्धि हुँदै जानु चिन्ताको विषय बनेको छ' उनले भनिन्, 'हाल स्थानीय तहको निर्वाचन सम्पन्न भई नयाँ नेतृत्व जिम्मेवारी सम्हाल्ने क्रम सुरु भएको सन्दर्भमा नयाँ नेतृत्वले विगतका कमजोरी नदोहोरिने गरी आर्थिक अनुशासनको पालना गर्नुपर्छ ।' राष्ट्रपति भण्डारीले आर्थिक शुद्धता नै सुशासनको महत्वपूर्ण आधार भएको उल्लेख गरिन् । उनले महालेखा परीक्षकको कार्यालयले सार्वजनिक निकायहरुबाट नियमित सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, राजस्व संकलन, स्रोत र साधनको बाँडफाँड लगायतका विषयमा सरकारलाई सुझाव दिनुपर्ने बताइन् ।

उनले संघ, प्रदेश र स्थानीय तहमा आर्थिक पारदर्शिता कायम गर्न महालेखा परीक्षकको कार्यालय सक्षम हुनुपर्ने बताइन् ।

राष्ट्रपति भण्डारीले सार्वजनिक प्रशासनमा देखिएका अनियमितता, चुहावट र भ्रष्टाचारलाई नियन्त्रण गर्दै विकास र समृद्धिको वातावरण सिर्जना गर्न राज्यका सबै निकायको एकीकृत र समन्वयात्मक विकास हुनुपर्ने धारणा राखिन् ।

*-साभार: अनलाइनखबर*

# सुरक्षा र नरेनको 'बुलाकी' कात्तिक १८ मा

काठमाडौं / जारी प्रथामाथि आधारित भएर निर्माण भएको फिल्म 'बुलाकी'को प्रदर्शन मिति तोकिएको छ ।


असार १५ अर्थात् रोपाई दिवसको अवसर पारेर बुधवार एक पोस्टर सार्वजनिक गर्दै आगामी कात्तिक १८ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो । सार्वजनिक पोस्टरमा फिल्मका प्रमुख तीन पात्रहरु सुरक्षा पन्त, नरेन खड्का र विराज विष्टलाई कर्णाली लुक्समा देख्न सकिन्छ ।

लक्ष्मण सुनारको निर्देशन तयार भएको फिल्मलाई टोपेन्द्र बिष्टले निर्माण गरेका हुन् । स्वं. मोति बिष्ट प्रस्तुतकर्ता रहेको फिल्मको छायांकन विकट क्षेत्र डोल्पा, जाजरकोट र रुकुमका विभिन्न स्थानमा भएको हो ।

फिल्ममा प्रकाश कँडेल, रमेश बुढाथोकी, सुशील पोखरेल, लक्ष्मी गिरी, कुलदीप अधिकारी, झलनाथ खत्री, सरस्वती खत्रीलगायतका कलाकारहरुको पनि महत्त्वपूर्ण भूमिका छ ।

छत्रेश्वरी म्यानेज्मेन्टको ब्यानरमा निर्माण भएको फिल्मलाई शिव ढकालले खिचेका हुन् । फिल्मको कथा निर्देशक सुनारको हो भने पटकथा तथा संवादमा उनलाई राजबहादुर साने र विराज विष्टले सघाएका छन् । गोबिन्द मधुर आचार्य, श्रीकृष्ण बम मल्ल, सुविन सेन्चुरी र बादल थापाको संगीत रहेको फिल्मलाई काठमाडौंभित्र बिके फिल्मस् र मोफसलमा एफडी कम्पनीले वितरण गर्नेछ ।

-साभार: फिल्मीखबर





## आकर्षक घडेरी बिक्रिमा

हेटौंडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, विजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।

सम्पर्क: ९८४५०७१०६५, ९८४५२९०३९१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कृषि क्षेत्रको बिकासलाई प्राथमिकता: मेयर लामा

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मिनाकुमारी लामाले कृषि क्षेत्रको बिकासमा प्राथमिकतामा साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् ।




मेयर लामाले कृषक र कृषिको बिकासका लागि बजेटै छुट्याएर काम गर्ने बताएकी हुन । हेटौंडा-११ स्थित राप्ति सिंचाई र वडा नम्बर १७ को गुवाबारीमा १९ औं धान दिवसको अबसरमा आयोजित कार्यक्रममा उनले कृषि क्षेत्रको विकासमा कुनै कसर बाँकी नराख्ने बताएकी छन् । आगामि आर्थिक बर्षको बजेटमा कृषिका हरेका क्षेत्रलाई समेटेर काम गर्ने तयारीमा उपमहानगर रहेको उनको भनाई छ ।

मेयर लामाले कृषिको पकेट क्षेत्र, पशुपालनका योजना सहित आउन कृषक समुहहरुलाई आह्वान गरीन् । हेटौंडा उपमहानगर केन्द्रित कृषि योजनालाई कार्यान्वयनमा ल्याउन बास्तविक किसानको आवश्यकता पर्ने उनको भनाइ थियो । उनले कृषि, पशुपालन र अन्य खेतीका लागि बिषेश योजना नै बनाएर काम गर्ने तयारीमा उपमहानगर रहेको जिकिर गरिन् ।

बास्तविक किसानलाई सरकारले भेट्न नसकेको अवस्थामा हामी बास्तविक किसानकोमा पुगेर काम गर्ने तयारीमा रहेको लामाको दावी छ । उपमहानगरका हरेक वडाहरुका कृषि प्राविधिकको व्यवस्था रहने प्रतिबद्धता व्यक्त गरेकी छन् । कार्यक्रममा उपमहानगरका उपप्रमुख राजेश बानियाँले मानो रोपेर मुरी उब्जाउने पेशामा रहेका सम्पूर्ण किसानलाई धान दिवसको शुभकामना दिए ।

# मकवानपुरगढीमा रेडियोको धान दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ मकवानपुरगढी गउँपालिकामा रेडियो थाहा सञ्चार ९९.६ मेगोहर्जले १९ औं धान दिवस मनाएको छ ।

मकवानपुरगढी-५ स्थित सिमलटारमा बुधवार प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री बसुन्धरा हुमागाईं र राज्यमन्त्री इन्द्रमाया गुरुङकाको प्रमुख आतिथ्यतामा धान दिवश मनाइएको हो ।

स्थापना कालदेखि नै मनाउँदै आएको धान दिवस रेडियो थाहाले यसपालि पनि निरन्तरता दिएको थियो । धान रोपेर कार्यक्रमको उद्घाटन गर्दै राज्यमन्त्री गुरुङले कृषिमा आत्मनिर्भर बन्न प्रदेश सरकारले विभिन्न कार्यक्रमहरु ल्याएको बताएकी छन् । उनले नेपाल कृषिमा आत्मनिर्भर बन्न सक्ने र सोही अनुसार सरकारले नीति तथा कार्यक्रम मार्फत कृषि क्षेत्रमा काम गर्ने बताइन् ।

नेपाल धानमा कत्तिको आत्मनिर्भर छ र धान खेती योग्य जमिन खण्डिकरण भइरहेकाले चिन्ता लागेको उनको भनाइ थियो । उनले किसानहरुको मुल समस्या रसायिनक मल रहेकाले केही वर्षमा नै प्रदेश सरकारले मल कारखाना सञ्चालन गर्ने भनी सम्भाव्यता अध्ययन सुरु गरेको उल्लेख गरेकी छन ।

राज्यमन्त्री गुरुङले धान मात्रै नभई भौगोलिक र मौसम अनुसार कृषिजन्य उत्पादनमा जोडदिन कृषकहरुलाई आग्रह गरिन् । व्यवसायिक खेती र पशुपालनमा युवा लक्षित कार्यक्रम प्रदेश सरकारले ल्याएको छ । राज्यमन्त्री गुरुङले स्थानीय सरकारसँगको सहकार्यमा कृषि र पशुपालन क्षेत्रमा काम गर्ने प्रतिवद्धता व्यक्त गरेकी छन् ।

कार्यक्रममा वडा नम्बर ५ का वडा अध्यक्ष दिपेश दाहालले कृषिमा आधुनिकिकरण र पशुपालनमा व्यवसायीकरण गर्न जोड दिए । उनले आफ्नो वडामा व्यवसायिक कृषि र पशुपालनमा स्थानीय सरकारले सहयोग गर्ने बताउँदै राष्ट्रिय धान दिवसको शुभकामना व्यक्त गरे । रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा बुङ्दल सामूदायिक वन समूहका अध्यक्ष चन्द्रप्रसाद दुलाल, वडा ५ का कृषि प्राविधिक दुर्गा खतिवडालगायतको उपस्थिति थियो ।

# राप्रपाद्धारा संस्कृत विद्यालयको निरीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ हेटौंडा उपमहानगरपालिका-१० स्थित संस्कृत वेद विद्यालयको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरले निरीक्षण गरेको छ ।



राप्रपा बागमती प्रदेश कार्यसमिति सचिव गुञ्जन बहादुर न्यौपाने, जिल्ला कार्यबाहक अध्यक्ष सागर थापा, सचिव बिजय सिंह ठकुरी, सहसचिव लक्ष्मण सापकोटा, सहकोषाध्यक्ष सन्दीपकुमार सापकोटासहितको टोलीले बुधबार संस्कृत विद्यालयको निरिक्षण गरेको हो । राप्रपा प्रदेश सचिव न्यौपानेले निरीक्षणको क्रममा विद्यालयको सम्पूर्ण जिम्मेवारी हेटौंडा उपमहानगरपालिकाले लिएर आवश्यक आर्थिक सेवा सुविधा, पूर्वाधार तथा कर्मचारीको व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका छन् ।

हिन्दु धर्मको रक्षा र संस्कृत शिक्षाको पक्षमा रहेको बताउँदै न्यौपाने विद्यालयको स्तरोन्नती, पुस्तकालय स्थापना, यज्ञशालाहरु निर्माण, आवश्यक शिक्षक दरबन्दीको माग गर्न उपमहानगर लगायत सरोकारवाला निकायसँग माग गर्ने बताए ।

कार्यबाहक अध्यक्ष थापाले उनले अन्य विद्यालयका विद्यार्थीहरुले पाउने सेवा सुविधा यहाँ विद्यार्थीले पनि अनुभुति गर्न पाउनु पर्ने बताए । विद्यालयको समस्यालाई औल्याउँदै विद्यार्थी बसोवासको लागि तत्काल छात्र बास निर्माण गर्नुपर्ने उनले बताएका छन् । गम्भीर बिषय धार्मिक क्षेत्रलाई र संस्कृत विद्याथीलाई राज्यले उपेक्षाको दृष्टिकोणबाट हेरेको धार्मिक संगठनका अध्यक्ष लक्ष्मण दाहालले आरोप लगाए ।

हेटौंडामा संस्कृत विद्यालय भव्य र नि:शुल्क अध्ययन गर्ने वातावरण मिलाउन उपमहानगरसँग माग राख्ने सुनाए ।

निरीक्षणमा हेटौंडा उपमहानगरपालिका कार्यसमिति अध्यक्ष अरुण लामा, जिल्ला सचिवालय सदस्य भिम प्रसाद गौतमलगायतको उपस्थीत थियो ।

# ज्ञानोदयले मनायो धान दिवस

हेटौंडा, १५ असार/ हेटौंडाको ज्ञानोदय बालबालिका एकेडेमीले १९ औं धान दिवस मनाएको छ । एकेडेमीले नेपाली संस्कृति, सभ्यता र पहिचानसँग सम्बन्धित मानो रोपेर मुरी फलाउने दिनका रुपमा धान दिवस मनाएको उल्लेख गरेको छ ।



१५ असारमा दिवसको अबसर पारेर नेपालीहरुले हिलो खेल्ने र दही चिउरा खाने प्रचलनलाई निरन्तरता दिन र बिद्यार्थीहरुलाई दिवसको महत्व बुझाउन कार्यक्रम गरिएको एडेकेमीले जनाएको छ । हेटौंडा उपमहानगरपालिका-१ का वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा धान दिवसको अबसरमा कार्यक्रम गरिएको हो । कार्यक्रममा हेटौंडा-२ का वडा सदस्य ईन्द्र रिजाल, केदार न्यौपाने, कृष्ण मरङ्घा, विद्यालयका शिक्षक, शिक्षिका, कर्मचारी र कक्षा ८, ९ तथा १० मा अध्ययनरत विद्यार्थीहरुको सहभागिता थियो ।

# डाक्टर कुट्ने ट्राफिक प्रहरी निलम्बित

काठमाडौं/ ललितपुरको एकान्तमा पैदल हिँडेका चिकित्सकलाई कुट्ने ट्राफिक प्रहरी निलम्बनमा परेका छन् । जवान राजेन्द्र थापालाई निलम्बन गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसपी सञ्जीव शर्माले बताए । पुल्चोकस्थित आरोग्य प्रतिष्ठानमा कार्यरत डाक्टर कुलबहादुर घिसिङलाई उनले आईतबार राति कुटपिट गरेका थिए । घर फर्किँदै गर्दा चेकिङमा रहेको ट्राफिक प्रहरी जवान थापाले 'किन ढेसिएर हिँडेको' भन्दै निहुँ खोजेर कुटपिट गरेका हुन् ।

# धान उत्पादनमा सरकारको ध्यान जानुपर्छः सुमार्गी




साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा कृषि उद्यम तथा अनुसन्धान केन्द्रका सभापति अरुणराज सुमार्गीले धान उत्पादनमा राज्यले उचित ध्यान दिनुपर्ने धारणा राखेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ मधेश-प्रदेशको तेस्रो प्रदेश सभामा बोल्दै सुमार्गीले देशलाई धान उत्पादनमा आत्मनिर्भर बनाउँदै विदेशी निर्यातलाई बढाउँदै लैजानु पर्ने बताएका छन् ।

उनले कृषि उत्पादनका लागि देशभरका पालिकामा समन्वय गरिरहेको बताए । कृषि उत्पादनका विषयमा के-कसरी अघि बढ्दा उपलब्धी मुलक हुन्छ भनेर स्थानीय पालिकाले योजना बनाउने र त्यसका लागि अन्य सम्पूर्ण सहयोग आफूहरुको रहने उनले प्रतिवद्धता व्यक्त गरे । धान दिवसको शुभकामना दिँदै सभापति सुमार्गीले आफूले पाएको कृषिको जिम्मेवारी अनुसार सातै प्रदेशमा गएर यससँग सम्बन्धित काम गरिरहेको दावी गरेका छन् ।

आफु महासंघअन्तर्गतको कृषि उद्यम केन्द्रको सभापतिसमेत रहेकोले कृषिमा खाद्यान्न त्यसमा पनि धान उत्पादनलाई सरकारले विशेष चासो दिनुपर्ने उनको भनाइ थियो । कृषि उद्यम केन्द्रलाई कृषि, कृषि र कृषिमै केन्द्रित गरेको बताउँदै केन्द्र र प्रदेश सरकारसँग आफुले निरन्तर समन्वय गरिरहेको उनले उल्लेख गरे । कृषि नै मुलकको समृद्धिको आधार भएको उनको भनाइ छ । बागमती प्रदेशको मुख्यमन्त्रीका विज्ञ सल्लाहकारसमेत रहेका सुमार्गीले मधेस प्रदेशका आन्तरिक मामला तथा सञ्चारमन्त्री भरत प्रसाद साहसँग भेटवार्ता गरेका थिए । भेटमा प्रदेश सरकारले निजी क्षेत्रलाई पनिसँगै अघि लिएर हिँड्नु पर्नेमा सुमार्गीले जोड दिए ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
**शुभारम्भ**
YADEA
e-SCOOTERS






**Offer**
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुद्ने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्यूबलेस टायर ☞व्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्वोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
**फोन नं.: ०५७-५२६१४६,**
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)

६ चक्के/१० चक्के ट्रिपर, ट्रक, वस फाईनान्स सुविधासहित बिक्रीमा
सम्पर्क: ९८०२३११५४८/९८०२३११५७९

**पार्टी गर्दै हुनुहुन्छ ?**
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना